**Unofficial Translation**

# संयुक्त राष्ट्रसंघ  CCPR/C/108/D/1865/2009

## नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध

वितरण: सामान्य

२८ अक्टोबर २०१३

मूलभाषा: अंग्रेजी

## मानवअधिकार समिति

## निवदेन नं : १८६५/२००९

**१०८ औं सत्रका (८–२६ जुलाई २०१३) दौरान समितिद्वारा अवलम्बित निर्णय**

| | |
|---|---|
| निवेदक : | शान्ता सेढाईं (एड्भोकेसी फोरम-नेपालका कानुनी सल्लाहकारद्वारा कानुनी प्रतिनिधित्व गरिएको) |
| पीडित : | मुकुन्द सेढाईं (निवेदकको श्रीमान्) |
| पक्षराष्ट्र : | नेपाल |
| निवेदन गरिएको मिति : | ०३ अक्टोबर २००८ (प्रारम्भिक जाहेरी) |
| सन्दर्भ दस्तावेज : | १९ फेब्रुअरी २००९ मा पक्षराष्ट्रलाई प्रेषित विशेष प्रतिवेदक नियम ९७ को निर्णय (दस्तावेजको रूपमा हैन) |
| निर्णय अवलम्बित गरिएको मिति : | १९ जुलाई २०१३ |
| विषयवस्तु : | जबर्जस्ती बेपत्ता |
| सारवान सवालहरू : | बाँच्न पाउने अधिकार, यातना तथा अमानवीय वा अपमानजनक व्यवहार, व्यक्तिको स्वतन्त्रता तथा सुरक्षाको अधिकार, व्यक्तिको नैसर्गिक आत्मसम्मानको रक्षा, कानुनसमक्ष व्यक्तिको रूपमा पहिचान र प्रभावकारी उपचारको अधिकार |
| कार्यविधिगत सवाल : | उपलब्ध राष्ट्रिय उपचारहरू उपभोग नभएको |
| अनुबन्धका धाराहरू : | धारा २ परिच्छेद ३, धारा ६, परिच्छेद १, धारा ७, ९ र १०, परिच्छेद १ को सामञ्जस्यतामा र धारा २, परिच्छेद ३ |
| ऐच्छिक आलेखका धाराहरू : | धारा ५, परिच्छेद २ (ख) |

(अनुसूची)

देहायको निवेदन सम्बन्धी

# नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ अन्तर्गतको मानवअधिकार समितिको धारणा (१०८औं सत्र)

**निवेदन नं १८६५/२००९***

| | |
|---|---|
| निवेदक : | शान्ता सेढाईं (एड्भोकेसी फोरम-नेपालका कानुनी सल्लाहकारद्वारा कानुनी प्रतिनिधित्व गरिएको) |
| पीडित : | मुकुन्द सेढाईं (निवेदकको श्रीमान्) |
| पक्षराष्ट्र : | नेपाल |
| निवेदन गरिएको मिति : | ०३ अक्टोबर २००८ (प्रारम्भिक जाहेरी) |

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २८ अन्तर्गत गठित मानवअधिकार समिति,

१९ जुलाई २०१३ को बैठकमा

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत शान्ता सेढाईंले मानवअधिकार समितिसमक्ष पेश गरेको निवेदन नं १८६५/२००९ उपर विचार गरिसकेपछि,

निवदेनका निवेदिकाले उपलब्ध गराएको सम्पूर्ण लिखित जानकारीलाई मध्यनजर गर्दै निम्नलिखित अवलम्बन गर्दछ :

## ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ अन्तर्गतको धारणा

१. यस निवेदनको निवेदिका श्री शान्ता सेढाईं, मुकुन्द सेढाईंकी श्रीमती, को जन्म डिसेम्बर १९७० मा भएको र उहाँ नेपाली नागरिक हुनुहुन्छ । उहाँको श्रीमान मुकुन्द सेढाईं १९ डिसेम्बर २००३ मा बेपत्ता हुनुभएको थियो । उहाँले आफ्नो श्रीमान्लाई नेपाल राष्ट्रले बेपत्ता बनाएर उहाँको श्रीमान्, उहाँ आफ्नो र परिवारको नागरिक तथा राजनीतिक अधिकार[1] सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ को परिच्छेद ३ अन्तर्गत पृथक् रूपमा र धारा ६, ७, ९ र १० को

*The following members of the Committee participated in the examination of the present communication: Mr. Yadh Ben Achour, Mr. Lazhari Bouzid, Ms. Christine Chanet, Mr. Ahmad Amin Fathalla, Mr. Cornelis Flinterman, Mr. Yuji Iwasawa, Mr. Walter Kälin, Ms. Zonke Zanele Majodina, Mr. Kheshoe Parsad Matadeen, Ms. Iulia Antoanella Motoc, Mr. Gerald L. Neuman, Sir Nigel Rodley, Mr. Victor Manuel Rodríguez-Rescia, Mr. Fabián Omar Salvioli, Ms. Anja Seibert-Fohr, Mr. Yuval Shany, Mr. Konstantine Vardzelashvili and Ms. Margo Waterval.
The text of an individual opinion by Committee members Mr. Salvioli and Mr. Rodríguez-Rescia is appended to the present Views.

[1] The Optional Protocol entered into force for Nepal on 14 August 1991.

परिच्छेद १ अन्तर्गत सामञ्जयस्तामा हेर्दै अधिकार हनन गरेको भनी निवेदिकाले दाबी गरेकी छिन् । निवेदिकालाई एड्भोकेसी फोरमले प्रतिनिधित्व गरेको हो ।

## निवेदिकाद्वारा प्रस्तुत गरिएका तथ्यहरू

२.१ निवेदिकाले श्रीमान सेढाईंसँग ०७ मार्च १९९१ मा बिहे गरी जीवनपुर गाविस वडा नं ६, धादिङ्ग जिल्लामा बसोबास गरिरहेकी थिइन् । उनीहरूको दुईजना बालबच्चाहरू, छोरा अनिल सेढाईंको जन्म २५ मार्च १९९३ मा र छोरी अनिता सेढाईंको जन्म २२ सेप्टेम्बर १९९९ मा भएको थियो । मुकुन्द सेढाईं व्यापारी भएको र समयसमयमा काठमाडौं गइराख्नुपर्ने भएकोले स्वयम्भू नजिक एउटा कोठा भाडामा लिएका थिए ।

२.२ १८ डिसेम्बर २००३ मा मुकुन्द सेढाईं उखु बेच्नका लागि काठमाडौं गएका थिए । निवेदिका उनलाई भेट्न १७ डिसेम्बरमा काठमाडौं गएकी थिइन् । तर त्यसको भोलिपल्ट बालबच्चाहरूको हेरचाह गर्न उनी आफ्नो घर फर्किइन् । मुकुन्द सेढाईंले त्यो रात अर्थात १८ डिसेम्बरको रात स्वयम्भूस्थित आफ्नै डेरामा बिताएका थिए । भोलिपल्ट १९ डिसेम्बर २००३ का दिन उनी मध्य काठमाडौंमा रहेको भीमसेनस्थान वडा नं २० स्थित एउटा चियापसलमा गएका थिए । उक्त चियापसल मुकुन्द सेढाईंको काकाको छोरा राजु खकुरेलले चलाएका थिए र उनी पनि धादिङ्गवासी नै थिए । उक्त चियापसलमा धादिङ्गबाट आई काठमाडौं बसोबास गर्नेहरूको जमघट हुने गर्थ्यो र मुकुन्द सेढाईंलाई धेरैले चिनेका पनि थिए ।

२.३ उक्त दिन ४, ५ जना सादा पोसाक लगाएका व्यक्तिहरू आएर चियापसलको भित्रको कोठामा पसेका थिए । उक्त बयान राजु खकुरेल र नारायण सिलवालले क्रमशः ६ र ८ अगस्ट २००८ मा एड्भोकेसी फोरमलाई दिएका थिए । उनीहरू स्मरण गर्छन् कि ती व्यक्तिहरूसँग हतियार पनि थियो र उनीहरूलाई पनि उभिन लगाएर ती व्यक्तिहरूले शरीरको खानतलासी लिएका थिए । ती व्यक्तिहरूले उनीहरूलाई भन्नुपर्ने केही छ भनेर सोधेका थिए र उनीहरूले एकैस्वरमा छैन भनी जवाफ दिएका थिए । ती सादा पोसाकमा रहेका एकजना व्यक्तिले मुकुन्द सेढाईंको नाम बोलाए ।

२.४ मुकुन्द सेढाईं उठेर उनीहरूको अगाडि उभिए । उनीहरूले सेढाईंलाई कोठाबाट बाहिर निकाले र कोठाको ढोका थुनिदिए र हामी १५ मिनेटमा फर्किनेछौं भने । उनीहरूले सेढाईंलाई राजु खकुरेलको अगाडिबाट आफूसँगै लिएर जाँदै गर्दा खकुरेललाई ढोका नखोल्नु हामी १५ मिनेटमा आउनेछौं भन्दै चिया पसलबाट दक्षिणतर्फ लिएर गएका थिए । सो घटनाका साक्षी तथा सेढाईंको गाउँवासी सिलवालले भनेअनुसार उनीहरूले सेढाईंलाई केही तल रोकेर राखिएको सेतो र हरियो रङ्गको सैनिक गाडीमा हालेर लिएर गएका थिए ।

२.५ पक्राउपश्चात् सेढाईंलाई छाउनी सैनिक ब्यारेकमा थुनिएको थियो । सन २००५ मा राष्ट्रिय मानवअधिकार आयोगले सो घटनाबारे छानबिन गरेर सेढाईंलाई पक्राउलगत्तै थुनामा राखिएको निष्कर्ष निकाल्यो । एकजना साक्षी देव बहादुर महर्जनले ०६ अगस्ट २००८ मा एड्भोकेसी फोरमलाई दिएको बयानमा स्मरण गर्छन् कि उनीहरूलाई सैनिक हिरासतमा केही दिनसम्म एउटै कोठामा थुनिएकोले उनलाई कसरी पक्राउ गरियो र सैनिक हिरासतमा कस्तो व्यवहार

गरियो भन्नेबारे छलफल पनि भएको बताएका थिए । सेढाईंले उनलाई पक्राउपश्चात् केही हप्तासम्म नराम्रोसँग यातना दिइएको जसको कारणले उनी उठबस पनि गर्न नसक्ने भएकोले उपचारका लागि अस्पताल नै लैजानुपरेको बताएका थिए । त्यसपछि मात्र महर्जनले केही हप्ताअगाडि एकजना थुनुवालाई सेनाले डेढ घण्टासम्म कुटपिट गर्ने, लात्तीले हान्ने गरी यातना दिएको भन्ने हल्ला सुनेका व्यक्ति तिनै सेढाईं भएको थाहा पाएका थिए । सेढाईंले उनीसँग म धादिङ्ग जिल्ला जीवनपुर गाविसको मुकुन्द हुँ भनेको पनि सुनेका थिए । महर्जन स्मरण गर्छन् कि उनको अनुहारमा चोट थियो र उनले बताएअनुसार सेनाको बुटले हानेर सो चोट लागेको थियो ।

२.६ अगस्ट २००८ मा देव बहादुर महर्जन र ओम प्रकाश तिमिल्सिना दुईजना साक्षीहरूले एड्भोकेसी फोरमलाई बयान दिँदै उनीहरूले छाउनी ब्यारेकमा भोग्नुपरेको अमानवीय अवस्था, यातना र अमानवीय तथा अपमानजनक व्यवहारबारे बताएका थिए । यी बयानहरूका अनुसार थुनुवाहरूलाई थुना अवधिभर आँखामा पट्टि बाँधेर राख्ने, औषधोपचार तथा सरसफाइबाट वञ्चित गर्ने, खाना तथा पानी नदिने, कहिलेकाहीँ मात्र नुहाइधुवाइ गर्न दिइने गरिन्थ्यो । ब्यारेकमा बिजुलीको झड्का लगाउने, बाँसको लट्ठीले कुटपिट गर्ने लगायतका क्रूर यातना तथा कुटपिट सामान्य नै थियो । महर्जन स्मरण गर्छन् कि उनलाई थुनेर राखिएको कोठामा यातनाका कारण गम्भीर घाइते भएका एकजना थुनुवाको त मृत्यु नै भएको थियो ।

२.७ महर्जनका अनुसार २५ जनवरी २००४ अर्थात् सरस्वती पूजाको अघिल्लो दिन सेढाईं र अन्य पाँचजनालाई सेनाले थुनास्थलबाट निकालेर लगेका थिए । ती सबैजना कहाँ छन् भन्ने हालसम्म पनि थाहा छैन । एड्भोकेसी फोरमलाई तिमिल्सिनाले दिएको बयान अनुसार फेब्रुअरी २००४ को पहिलो हप्ता सेढाईं लगायत ९ जनालाई उनलाई थुनेर राखिएको छाउनी ब्यारेकको थुनाकोठामा स्थानान्तरण गरिएको थियो । उनका अनुसार त्यहाँको भित्तामा सेनाले माओवादी र माओवादी विद्यार्थी नेताहरूको फोटो टाँसेर राख्ने गर्थे । सेढाईंलाई सो कोठामा १५ देखि २० दिनसम्म राखिएको थियो । उनले तिमिल्सिनालाई आफू छिट्टै छुट्दैछु भनी बताएका पनि थिए । त्यसको भोलिपल्ट सेनाले सेढाईं लगायत अन्य चार वा पाँचजनालाई सो कोठाबाट बाहिर लिएर गएका थिए । त्यसपछि उनलाई कसैले देखेको भन्ने जानकारी पाएका छैनन् र निवेदिकाले पनि उनी कहाँ छन् भन्ने कुनै जानकारी पाउन सकेकी छैनन् ।

२.८ मुकुन्द सेढाईं पक्राउ परेको एक हप्तापछि एकजना सादा पोसाकमा रहेका व्यक्तिले श्रीमती सेढाईंलाई भेटी आफू जिल्ला प्रहरी कार्यालय, हनुमानढोकाबाट आएको र जमानी दस्तुर तिरेमा उनको श्रीमान् छुट्ने बताएका थिए । सोही दिन प्रमुख जिल्ला अधिकारीले उक्त व्यक्तिको आधिकारिकतालाई नकार्दै प्रहरीले सेढाईंलाई पक्राउ गरेको बारे छानबिन गर्ने बताएका थिए ।

२.९ सेढाईं पक्राउ परेको ६ हप्तासम्ममा निवेदिकाले उनको श्रीमान्ले पठाएको दुईवटा पत्र पाएकी थिइन् जुन छाउनी ब्यारेकमा रहेका दयालु गार्डले ल्याइदिएका थिए । पहिलो पत्र उनी पक्राउ परेको १० देखि १५ दिनको बीचमा प्राप्त भएको थियो र उक्त पत्र ल्याइदिने व्यक्तिले आफू छाउनी ब्यारेकको सैनिक भएको बताएका थिए । निवेदिकाले उक्त पहिलो पत्र हराइन् तर त्यसमा लेखिएको व्यहोरा निवेदिकालाई प्रस्टसँग याद छ जसमा लेखिएको थियो, “म ठिक छु,

गार्डसँग एउटा राम्रो ज्याकेट पठाइदिनू" । त्यसपछि १६ जनवरी २००४ मा अर्का सैनिक गार्डले मुकुन्द सेढाईंको नाममा अर्को पत्र लिएर आयो र अनुरोध गरिएअनुसार गार्डलाई ३५० जति पर्ने ज्याकेट दिएर पठाइन् । यो नै निवेदिकाले उनको श्रीमान्‌बाट प्राप्त गरेको अन्तिम पत्र थियो । १९ डिसेम्बर २००३ मा मुकुन्द सेढाईं पक्राउ परेपछि उनको परिवारले आर्थिक समस्याहरू र व्यक्तिगत चिन्ताहरू भोल्नुपर्‍यो । उनको अवस्थाबारे जान्न नपाउँदा परिवार हालसम्म पनि आर्थिक तथा मानसिक पीडाबाट गुज्रिनु परिरहेको छ ।

२.१० १४ डिसेम्बर २००४ मा निवेदिकाले गृह मन्त्रालय, रक्षा मन्त्रालय, छाउनी ब्यारेक, प्रहरी मुख्यालय, काठमाडौं जिल्ला प्रशासन कार्यालय, काठमाडौं जिल्ला प्रहरी कार्यालय र सैनिक मुख्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गराइन् । १७ डिसेम्बर देखि विभिन्न मितिमा गरी विपक्षीहरूले सेढाईं कहाँ छन् भन्नेबारे आफूलाई जानकारी नभएको जनाउँदै प्रतिउत्तर पत्र पठाए । उक्त रिटलाई ११ अप्रिल २००५ मा निवेदिका अदालतसमक्ष उपस्थित नभएको भन्दै २५ मे २००५ मा तामेलीमा राखियो । निवेदिकाको बसोबास गरेको क्षेत्रमा धेरै दिनसम्म यातायात हडताल भएकोले उनी उक्त मितिमा अदालतसमक्ष उपस्थित हुन सकेकी थिइनन् । त्यसैले निवेदिकाले १५ सेप्टेम्बर २००५ मा सर्वोच्च अदालतमा दोस्रो पटक बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गराइन् । सरकारी अधिकारीहरूले पीडित भनिएको व्यक्तिका बारेमा कुनै पनि जानकारी नभएको भन्दै उक्त रिटलाई खारेज गर्न माग गरे । सर्वोच्च अदालतले यो दोस्रो रिटलाई सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता बनाइएका व्यक्तिबारे हालिएको अन्य बन्दीप्रत्यक्षीकरणको रिटहरूसँगै राख्यो ।

२.११ जुन २००७ मा सर्वोच्च अदालतले सेढाईंसहित द्वन्द्वकालमा बेपत्ता बनाइएका व्यक्तिहरूको हकमा एउटा निर्णय जारी गर्‍यो । यस अत्यन्त महत्वपूर्ण फैसलामा सर्वोच्च अदालतले जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराध बनाउने कानुन बनाउन र सेढाईं लगायत असंख्य अन्य व्यक्तिको जबर्जस्ती बेपत्ताको आरोपका घटनाको तत्काल छानबिन गर्न सरकारलाई निर्देशन दियो । हालसम्म पनि सरकारले सर्वोच्चको यस निर्देशनलाई कार्यान्वयन गर्न कुनै ठोस कदम चालेको छैन भने सर्वोच्च अदालत सबैभन्दा माथिल्लो तहको न्यायिक अङ्ग भएकोले त्यसभन्दा माथि अपिल गर्न वा यस निर्णयलाई कार्यान्वयन गराउन अन्य कुनै प्रभावकारी न्यायिक प्रक्रिया नै छैन ।

२.१२ निवेदिकाले २६ मार्च २००४ मा राष्ट्रिय मानवअधिकार आयोगमा पनि उजुरी दर्ता गराएकी थिइन् । यस उजुरी सम्बन्धमा प्रमाणहरू संकलन गर्ने र पीडित भनिएका व्यक्ति कहाँ छन् भन्ने जानकारी पत्ता लगाउन आयोगले गरेको पटकपटकको प्रयासमा सरकार, सेना लगायत रक्षा मन्त्रालय र सैनिक मुख्यालयको मानवअधिकार इकाइले सहयोग गरेन । दुई वर्षभन्दा बढी समयको अनुसन्धान पश्चात् आयोगले ६ जुन २००६ मा निर्णय जारी गर्दै मुकुन्द सेढाईंलाई सेनाले नै १९ डिसेम्बर २००३ मा पक्राउ गरेको निष्कर्ष निकाल्यो । उक्त निर्णयले सरकारले सेढाईंको अवस्था सार्वजनिक गर्नुपर्ने, उनको जबर्जस्ती बेपत्तामा जिम्मेवार सैनिकहरूलाई कारबाही गर्नुपर्ने र जिम्मेवार सैनिक अधिकारीहरूउपर गरिएको कारबाहीबारे सर्वोच्च अदालत र आयोगलाई जानकारी दिनुपर्ने सिफारिस गर्‍यो । आयोगले

सिफारिस गर्ने काम मात्रै गर्ने भएकाले आफ्नो निर्णय कार्यान्वयन गराउने सम्बन्धमा सर्वोच्च अदालतको आदेश जस्तो बाध्यात्मक हुँदैन ।

२.१३ निवेदिकाका अनुसार अन्तरिम संविधानमा जबर्जस्ती बेपत्ता सम्बन्धमा प्रसंग भए पनि यसलाई नेपालमा फौजदारी अपराधको रूपमा व्याख्या गरिएको छैन । यसको मतलब निजले प्रहरीलाई निजको श्रीमान्को बेपत्ता सम्बन्धी घटनाको छानबिन गर्न बाध्य पार्न सक्दिनन् ।

## उजुरी

३.१ राज्यपक्षले सेढाईंको बेपत्ता रोक्नका लागि विशेष र प्रभावकारी उपायहरू अपनाउन अक्षम भएकोले निवेदिकाले धारा ६ को उल्लंघन भएको दाबी गरेकी छिन् । राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस र सर्वोच्च अदालतको निर्देशनका बावजुद र उनको बेपत्ताबारे सम्बन्धित निकायमा उजुर गर्दा पनि सरकारले उनको अवस्थाबारे पत्ता लगाउन तत्परता नदेखाएको र जिम्मेवार अधिकारीहरूलाई न्यायिक दायरामा ल्याउनसकेको छैन ।

३.२ निवेदिकाले देहाय कारणले धारा ७ को उल्लंघन भएको दाबी गरेकी छिन् :

क) १९ डिसेम्बर २००३ मा सेढाईंको पक्राउपश्चात् बेपत्ता पारिएको मितिसम्म उनलाई छाउनी ब्यारेकमा नजरबन्दमा राखिएको ।

ख) उनीमाथि छाउनी ब्यारेकमा दुर्व्यवहार तथा यातना दिइएको ।

ग) उनलाई अत्यधिक कुटपिट गरिएको ।

घ) उनको अवस्थाबारे जानकारी नदिएर परिवारलाई मानसिक पीडा तथा चिन्ता दिएको ।

ङ) उनको अवस्था र कहाँ छन् भन्ने बारे थाहा नपाउँदा उनको परिवारले भोल्नुपरेको मानसिक पीडा र चिन्ताका लागि क्षतिपूर्ति मागदाबी गर्ने कुनै प्रभावकारी ठाउँ उपलब्ध नगराएको ।

३.३ यसका साथै माथि उल्लेखित अवस्थाहरूले अनुबन्धको धारा १० को पनि उल्लंघन भएको तर्क गरिएको छ । यसका अतिरिक्त निवेदिकाले उनको श्रीमान्लाई परिवारसँग भेट गर्न नदिइनु र थुनास्थलको खराब अवस्थाले पनि धारा २० को उल्लंघन भएको दाबी गरेकी छिन् । सेढाईंलाई आँखामा पट्टि बाँधेर राख्ने र कहिलेकाहीँ मात्र सरसफाइको सुविधा दिने, घाउचोटमा लगाउन औषधि नदिने, खाना र पानी नदिने गरिएका थिए ।

३.४ निवेदिकाले देहाय कारणले धारा ९ को उल्लंघन भएको दाबी गरेकी छिन् :

क) उनलाई कानुनमा व्यवस्था भएअनुसार प्रक्रिया पूरा गरेर पक्राउ गरिएको थिएन,

ख) नजरबन्दमा राखिएको,

ग) उनलाई आफ्नो पक्राउको वैधताबारे अदालतमा चुनौती दिन पाउने अधिकारबाट वञ्चित गरिएको,

घ) उनको स्वेच्छाचारी पक्राउ र थुनाका लागि क्षतिपूर्ति उपलब्ध नगराएको,

३.५ बेपत्ता सम्बन्धी मुद्दामा यसलाई रोकथाम गर्न पर्याप्त उपायहरू नचालिएको, गहन अनुसन्धान र प्रभावकारी तथा लागू गर्न सकिने उपचारहरू उपलब्ध गराउनुपर्ने सम्बन्धमा निवेदिकाले धारा २, परिच्छेद ३ अलग र धारा २, परिच्छेद ३ को सामञ्जयस्तामा धारा ६, ७, ९ र १० को उल्लंघन भएको दाबी गरेकी छिन् । विशेषगरी देहायबमोजिमका दाबीहरू गरेकी छिन् :

क) सर्वोच्च अदालतमा निहित थुनाको वैधता जाँच्ने र बन्दीप्रत्यक्षीकरणको रिटमा आदेश जारी गर्ने अधिकार अपर्याप्त छ । त्यसैले थुनाको वैधतालाई चुनौती दिनसक्ने क्षमता प्रभावकारी छैन ।

ख) राज्यले थुनुवाहरूको उचित र दुरुस्त अभिलेख नराख्ने गरेकाले निवेदिकाले आफ्नो श्रीमान्लाई राखिएको थुनास्थलबारे पर्याप्त जानकारी हासिल गर्न नसकेकोले बन्दीप्रत्यक्षीकरणको रिट पेश गरेर प्रभावकारी उपचार खोज्न असमर्थ भइन् ।

ग) डिसेम्बर २००४ मा जबर्जस्ती वा बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको कार्यगत समूहको प्रतिवेदनमा उल्लेख गरिए जस्तै[2] निवेदिकाले प्रभावकारी उपचारसमक्ष पहुँच नपाएकोले कानुनमा नै कमजोरी भएको अवस्था छ ।

घ) राष्ट्रिय मानवअधिकार आयोगलाई सिफारिस मात्र गर्नसक्ने तर त्यसलाई कार्यान्वयन गराउन सक्ने अधिकार छैन । आयोगले यस मुद्दामा सिफारिस गरी त्यसको जानकारी सर्वोच्च अदालत, प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद्लाई गराएपनि हालसम्म अनुसन्धान र अभियोजन अगाडि बढ्नसकेको छैन ।

ङ) जबर्जस्ती वा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराध नबनाइएको वा रोकथामका उपायको व्यवस्था नगरिएको, अनुसन्धान संयन्त्र स्थापना नगरिएको र पीडितलाई क्षतिपूर्ति उपलब्ध नगराएको ।

३.६ निवेदिकाले उनको श्रीमान्उपर भएको स्वेच्छाचारी पक्राउ, यातना र बेपत्ता सम्बन्धी मुद्दामा सरकारले प्रभावकारी तथा लागू गर्न सकिने उपचार उपलब्ध नभएको भनी धारा २, परिच्छेद ३ को उल्लंघन भएको दाबी गरेकी छिन् । सेढाईंको बेपत्ता सम्बन्धी मुद्दामा राष्ट्रिय मानवअधिकार आयोगले गरेको अनुसन्धानबाहेक कुनै पनि पूर्ण, स्वच्छ र प्रभावकारी अनुसन्धान गरिएको छैन । आयोग संयन्त्र प्रभावकारी भएको थिएन भने उचित थुनुवा रेकर्ड नराखिने, सर्वोच्च अदालतको आदेश कार्यान्वयन गराउने सम्बन्धमा राजनीतिक इच्छाशक्ति नहुने लगायतका कारणले गर्दा बन्दीप्रत्यक्षीकरणको रिटजस्तो कानुनी उपचारमा पनि सरकारीले बेवास्ता गरेको देखिन्छ । यी सबै आधारमा सरकारले

[2] Report of the Working Group on Enforced or Involuntary Disappearances: Mission to Nepal, 6–14 December 2004 (E/CN.4/2005/65/Add.1), para. 42.

मुकुन्द सेढाईं र निवेदिकालाई प्रभावकारी उपचार उपलब्ध गराउन नसकेकोले धारा २, परिच्छेद ३ को अलग्गै र त्यसको सामञ्जस्यतामा धारा ६, परिच्छेद १, धारा ७, ९ र १० को उल्लंघन भएको छ ।

## ग्राह्यता तथा विषयवस्तुको सम्बन्धमा राज्यपक्षको दृष्टिकोण

४.१ ९ अगस्ट २०१० मा प्रस्तुत मन्तव्यमा राज्यपक्षले आफ्नो दृष्टिकोण प्रस्तुत गरेको छ । राज्यपक्षले स्मरण गरेको छ कि पत्रव्यवहारमा उल्लेखित उक्त घटना सशस्त्र द्वन्द्वकालमा घटेको घटना हो । यस्ता मुद्दालाई सम्बोधन गर्न राज्यले अन्तरिम संविधान २००७ को धारा ३३ (ढ) र २१ नोभेम्बर २००६ मा भएको बृहत् शान्ति सम्झौताको दफा ५.२.५ अनुसार बेपत्ता सम्बन्धी छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने निर्णय गरेको छ । त्यसको लागि सत्यनिरूपण तथा मेलमिलाप आयोग अध्यादेश, जबर्जस्ती बेपत्ता (अपराध तथा सजाय) विधेयक मस्यौदा सरोकारवालाहरूसँगको परामर्शमा तयार पारी संसदमा पेश गरिएको र सम्बन्धित विधायन समितिले तदारुकताका साथ काम गरिरहेको छ । यी मस्यौदाहरू पारित भएपछि स्थापना हुने दुईवटा आयोगले सशस्त्र द्वन्द्वकालमा घटेका घटनाको अनुसन्धान गरी मुकुन्द सेढाईंलगायत बेपत्ता पारिएका व्यक्तिबारे सत्यतथ्य उजागर गर्ने नै छ । निवेदकसहित द्वन्द्वप्रभावित सबैले आफ्ना मुद्दाहरू प्रस्तुत गर्ने र आयोगसमक्ष आफ्ना धारणा राख्ने मौका पाउनेछन् ।

४.२ यी दुई आयोगको कामकारबाहीले कुनै पनि परिस्थितिमा प्रचलित फौजदारी कानुनको विस्थापन हुने छैन । जबर्जस्ती बेपत्ता सम्बन्धी मस्यौदालाई जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई कानुनद्वारा सजाय गर्न सकिनेगरी फौजदारी अपराधका रूपमा स्थापित गर्ने, सशस्त्र द्वन्द्वकालमा घटेको घटनाहरूको अनुसन्धान गरी सत्यतथ्य उजागर गर्ने, पीडकविरुद्ध उचित कारबाही गरी दण्डहीनताको अन्त्यका लागि मार्ग प्रशस्त गर्ने र पीडितलाई उचित क्षतिपूर्ति र न्याय प्रदान गर्ने गरी बनाइएको छ । त्यसैगरी सत्यनिरूपण तथा मेलमिलाप आयोग विधेयकले कुनै पनि परिस्थितिमा व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्नलाई माफी दिइने छैन भन्ने व्यवस्था गरेको छ । विधेयक पारित भएपछि बन्ने यी दुईवटै आयोगहरूले विस्तृत रूपमा जाँचबुझ र अनुसन्धानबाट दोषी पाइएका व्यक्तिउपर कानुनबमोजिमको उचित कारबाही गर्नेछ ।

४.३ निवेदिकाको पत्राचारमा दाबी गरिएअनुसार राष्ट्रिय मानवअधिकार आयोगले उचित रूपमा अनुसन्धान गरी सेढाईंको अवस्थाबारे सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो । त्यसका साथै आयोगले सेढाईंको गैरकानुनी थुना र जबर्जस्ती बेपत्ता पार्ने कार्यमा संलग्न अधिकारीको संलग्नता प्रमाणित भएपछि अभियोजन गर्न पनि सुझाव दिएको छ । साथै सर्वोच्च अदालतले पनि सरकारलाई उचित कानुन बनाउन र सो कानुन अनुसार बन्ने आयोगहरू मार्फत बेपत्ता व्यक्तिहरूबारे जाँचबुझ र छानबिन गर्न निर्देशन दिएको थियो । संसदमा पेश गरिएको दुईवटा मस्यौदा विधेयकहरूले सरकार राष्ट्रिय मानवअधिकार आयोग र सर्वोच्च अदालतको सिफारिसबमोजिम कार्य गर्न पूर्ण प्रतिबद्ध छ भन्ने देखिन्छ ।

४.४ नेपाल सरकारको नीति तथा सशस्त्र द्वन्द्वकालमा मारिएका वा बेपत्ता बनाइएका व्यक्तिको परिवारलाई अन्तरिम राहतस्वरूप केही आर्थिक सहयोग प्रदान गर्ने प्रतिबद्धता अनुरूप सेढाईंको परिवारले रु १००,०००/-[3] प्राप्त गरिसकेको छ । यो केवल अन्तरिम उपाय हो, यसले सेढाईंको परिवार तथा आफन्तजनले भोग्नुपरेको पीडा तथा चिन्तालाई कुनै पनि हिसाबले क्षतिपूर्ति गर्न सक्दैन । सरकार निकट भविष्यमा गठन हुने संक्रमणकालीन न्यायिक संयन्त्रको सिफारिस अनुसार थप राहत प्रदान गर्न कटिबद्ध छ ।

४.५ राज्यपक्षले निवेदिकाको तर्फवाट एड्भोकेसी फोरम - नेपालकी मन्दिरा शर्माले गरेको पत्राचारको वैधताबारे पनि चासो व्यक्त गरेको छ । श्रीमति सेढाईंले ४ अगस्ट २००८ को अधिकार प्रदान गरेको पत्र (Authtorization Letter) मा गरेको हस्ताक्षर सर्वोच्च अदालतमा पहिलोपटक दर्ता गराएको रिटमा गरेको हस्ताक्षरभन्दा फरक भएकोले अप्ठ्यारो परेको राज्यपक्षले जनाएको छ । त्यसभन्दा पनि श्रीमती सेढाईंले दोस्रो बन्दीप्रत्यक्षीकरणको रिटमा हस्ताक्षर नगरी औंठाछाप गरेकी थिइन् ।

४.६ सरकार १० वर्षे सशस्त्र द्वन्द्वकालमा बेपत्ता बनाइएका सबै घटनाको उचित तथा विस्तृत जाँचबुझ गर्न कटिबद्ध रहेको र राज्यपक्षले अन्तरिम संविधान, बृहत् शान्ति सम्झौता र सर्वोच्च अदालतको आदेशको भावनाअनुरूप उचित राष्ट्रिय उपचार प्रदान गर्न कदम चालिसकेकोले निवेदिकाले गरेको यस पत्राचारलाई खारेज गरिनुपर्छ भन्ने दृष्टिकोण राख्छ ।

## राज्यपक्षको दृष्टिकोणमाथि निवेदिकाको टिप्पणी

५.१ ०५ अक्टोबर २०१० मा निवेदिकाले राज्यपक्षको दृष्टिकोणलाई अस्वीकार गरिन् । उनका अनुसार विधेयक कहिले पारित हुने, त्यसले पीडितको अधिकारलाई कसरी प्रभावित पार्नेछ भन्नेबारे शंका रहेको छ । त्यसकारण निवेदिकाले राज्यपक्षको बेपत्ता सम्बन्धी आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले व्यवस्था गरे अनुरूप[4] "शीघ्र, स्वतन्त्र र प्रभावकारी अनुसन्धान तथा अभियोजन" गर्नेछ भन्ने तर्कलाई अस्वीकार गरेकी छिन् ।

५.२ निवेदिकाले प्रकाश पार्दै भनेकी छिन् कि मुकुन्द सेढाईंको पक्राउ तथा बेपत्ता भएको सात वर्ष बितिसक्दा पनि राज्यपक्षले निष्पक्ष अनुसन्धान गर्न असफल भइसकेको छ । यसका साथै राज्यपक्षले जिकिर गरेको दुईवटा आयोगहरू गठन भइसकेका छैनन् र गठन गर्ने समयावधि पनि स्पष्ट छैन । त्यसकारण सरकारको तत्परतासाथ अनुसन्धान अगाडि बढाउने भन्ने प्रतिबद्धता सन्तोषजनक छैन । निवेदिका स्मरण गर्न चाहन्छिन् कि यी आयोगहरू न्यायिक अङ्ग

[3] 100,000 Nepalese rupees are equivalent to about US$ 1,150 or €880 (24 April 2013).

[4] The author refers to the Committee's jurisprudence in communication No. 1469/2006, *Sharma v. Nepal*, Views adopted on 28 October 2008.

नभएको र तिनीहरूले मानवअधिकार हननका दोषीउपर उचित सजाय दिलाउने अधिकार राख्छन् भन्ने स्थापित गरिएको पनि छैन ।

५.३ निवेदिकाले राज्यपक्षबाट राष्ट्रिय मानवअधिकार आयोगले ६ जुन २००६ मा नेपाल सरकार सेढाईं कहाँ छन् भन्नेबारे जानकारी सार्वजनिक गर्नुपर्ने, उनलाई बेपत्ता पार्ने कार्यमा संलग्न सैनिक अधिकारीउपर अभियोजन गरिनुपर्ने र दोषी सैनिक अधिकारीहरूविरुद्ध गरिएको कारबाहीबारे सर्वोच्च अदालत र आयोगलाई जानकारी गराउनुपर्ने सिफारिस कार्यान्वयन नभएको औंल्याएकी छिन् ।

५.४ निवेदिकाले बेपत्तासम्बन्धी आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगहरू न्यायिक अङ्ग नभएको र ती आयोगहरू गठन गर्न बनेको विधेयकले यी आयोगहरूलाई मुकुन्द सेढाईंलाई जबर्जस्ती बेपत्ता पार्ने कार्यमा संलग्न दोषीउपर उचित सजाय गर्नसक्ने अधिकार नदिनेतर्फ चासो व्यक्त गरेकी छिन् ।

५.५ बृहत् जाँचबुझ तथा अनुसन्धानका लागि संक्रमणकालीन न्यायिक संयन्त्र उपयुक्त उपाय भएको भन्ने राज्यपक्षको तर्कउपर निवेदिकाले चासो व्यक्त गर्दै यस्ता संयन्त्रले पीडकउपर तत्परताका साथ अभियोजन गर्ने सम्बन्धमा प्रत्याभूत नगरेको जनाएकी छिन् । नेपालको फौजदारी न्यायिक संयन्त्रले यातना, जबर्जस्ती बेपत्ता पार्ने कार्य, नजरबन्द र दुर्व्यवहारलाई फौजदारी अपराध नबनाएको अवस्थामा यसलाई तत्काल फौजदारी अनुसन्धान र सजाय गर्ने उपयुक्त मौका हो । निवेदिकाले प्रस्तुत गरेको दाबी हालसम्म पनि गठन नभइसकेको संक्रमणकालीन न्यायिक संयन्त्रको आधारमा खारेज गर्न सकिन्न ।

५.६ राज्यले आफ्नो दृष्टिकोणमा उठाएका अन्य आधारका सम्बन्धमा निवेदिकाले जुन २००७ को सर्वोच्च अदालतको आदेशपछि राज्यपक्षले अन्तरिम राहतस्वरूप उपलब्ध गराएको रु १००,०००/- उनी र उनको परिवारलाई प्रशस्त राहत उपलब्ध गराएको मान्न सकिन्न ।

५.७ यस उजुरीको वैधताका सम्बन्धमा र निवेदिकाले उजुरीपत्रमा हस्ताक्षर गर्दा हस्ताक्षर फरक परेको भन्ने सम्बन्धमा उनी अर्धसाक्षर नारी भएकीले त्यसो भएको औंल्याएकी छिन् । यसका साथै १४ डिसेम्बर २००४ मा सर्वोच्च अदालतमा दर्ता गराएको पहिलो बन्दीप्रत्यक्षीकरणको रिटमा भएको हस्ताक्षरको सम्बन्धमा समय अभाव, डरत्रास, र औंठाछापका लागि मसी उपलब्ध नभएकोले निवेदिकाले आफ्नी भतिजीलाई हस्ताक्षर गर्न लगाएकी थिइन् । १५ सेप्टेम्बर २००५ मा दोस्रो बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गराउँदा भने निवेदिकाले औंठाछाप गरेकी थिइन् । ३ अगस्ट २००८ मा एड्भोकेसी फोरमलाई आफ्नो तर्फबाट निवेदन हाल्न अनुमति दिँदा भने उनको आत्मविश्वास बढेकोले आफैँ हस्ताक्षर गर्न सकेकी थिइन् । निवेदिकाले अझ स्पष्ट पारेकी छिन् कि सेप्टेम्बर २००५ मा दर्ता गराएको बन्दीप्रत्यक्षीकरणको रिट र ८ अक्टोबर २०१० मा मानवअधिकार समितिमा पेश गरेको निवेदनको औंठाछाप मिल्छ भने उनले ३ अगस्ट २००८ मा मानवअधिकार समितिमा पेश गरेको निवेदन र यस निवेदनमा गरेको हस्ताक्षर पनि मिल्छ ।

## राज्यपक्षको तर्फबाट थप टिप्पणीहरू

६.१ ०३ फेब्रुअरी २०११ म निवेदिकाको टिप्पणीउपर मन्तव्य दिँदै राज्यपक्षले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्ति छानबिन सम्बन्धी आयोगको गठन अन्तरिम संविधान २००७ र २००६ को बृहत् शान्ति सम्झौताले व्यवस्था गरेअनुरुप हुने जनाएको छ ।[5] द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्ति र मानवअधिकार हननका घटनालाई सम्बोधन गर्न बनेका संवैधानिक प्रावधान उपर शंका गर्नुपर्ने कुनै कारण छैन । संसदले विधेयक पारित गर्ने सम्बन्धमा अन्तरिम संविधानको धारा ८ को प्रावधानलाई हेर्नु आवश्यक छ । विधेयकउपर छलफल चलिरहेको छ र आयोगहरू बन्ने क्रममा छन् । अन्तरिम संविधान तथा बृहत् शान्ति सम्झौताका सम्बन्धित प्रावधानले स्पष्ट रूपमा व्यवस्था गरेबमोजिम बन्ने आयोगहरूको कार्यादेश बारेको प्रश्नमा कुनै सफाइको आवश्यकता छैन ।

६.२ नेपालको अन्तरिम संविधानको धारा १३२ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेको छ । यसको कर्तव्य मानवअधिकारप्रति सम्मान जगाउनु, त्यसको रक्षा गर्नु र प्रवर्द्धन गर्नु र त्यसको प्रभावकारी कार्यान्वयन गराउनु रहेको छ । यसका कार्यमा मानवअधिकार हननका निवेदन वा उजुरीहरू लिनु, स्वतन्त्र छानबिन तथा अनुसन्धान गर्नु, पीडकविरुद्ध कारबाहीको सिफारिस गर्नु रहेको छ । यसका सिफारिसको प्रभावकारी कार्यान्वयन गर्नु संवैधानिक बाध्यता हुन्छ जुन पूरा गर्न सरकार कटिबद्ध छ । मुकुन्द सेढाईंको मुद्दामा आयोगले गरेको सिफारिस कार्यान्वयन गर्न सरकारी पक्ष असफल रहेको भन्ने निवेदिकाले आरोप लगाएकी छिन् । तर एउटा मुद्दाका लागि छुट्टै आयोगको गठन गर्नु उचित र व्यवहारिक हुन्न । साथै सत्यनिरूपण तथा मेलमिलाप आयोग मार्फत अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सशस्त्र द्वन्द्वका क्रममा घटेका घटनाको सत्यतथ्य पत्ता लगाउने, अभियोजन तथा समाजमा मेलमिलापको वातावरण गराउने र दिगो शान्ति स्थापना गराउने काम गर्नुपर्छ ।

६.३ सरकारले सेढाईंको परिवारलाई उपलब्ध गराएको रु १००,०००/- अन्तरिम राहत भएको र थप राहत प्याकेज निकट भविष्यमा स्थापित हुने संक्रमणकालीन न्यायिक संयन्त्रले सिफारिस गरेबमोजिम उपलब्ध गराइने प्रतिबद्धता पुनः दोहोर्‍याएको छ ।

६.४ निवेदिकाको दृष्टिकोणमा प्रस्तावित आयोगहरू न्यायिक अङ्ग नभएको भन्ने सम्बन्धमा सरकारले प्रकाश पारेको छ कि ती आयोगहरू संवैधानिक कार्यादेश तथा बृहत् शान्ति सम्झौताबमोजिम गठन हुनेछन् । बेपत्ता छानबिन आयोग पनि सर्वोच्च अदालतको निर्देशन बमोजिम नै बन्नेछ । यी आयोगले सशस्त्र द्वन्द्वकालमा घटेका जघन्य मानवअधिकार हननका घटनाको अनुसन्धान गर्ने र बेपत्ता पारिएका व्यक्तिको परिवारलाई उपलब्ध गराउने राहतका लागि सिफारिस गर्ने लगायत सहज रूपमा द्वन्द व्यवस्थापनका लागि सहजीकरण गर्नेछन् ।

[5] On 14 March, 2013, Nepal's President Ram Baran Yadav passed an ordinance creating a Truth and Reconciliation Commission. On 1 April 2013, the Supreme Court suspended the application of the ordinance pending further review, mainly on the grounds that the mandate of the Commission included the possibility of amnesty for perpetrators of human rights violations.

६.५ यातनालाई आपराधिक कार्यको रूपमा परिभाषित नगरिएको सम्बन्धमा १९९० को संविधानले “थुनामा रहेका कुनै पनि व्यक्तिलाई शारीरिक तथा मानसिक यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरिनेछैन र कुनै व्यक्तिउपर सो कार्य गरिएको पाइएमा कानुनले व्यवस्था गरेबमोजिम क्षतिपूर्ति उपलब्ध गराइने छ” भन्ने व्यवस्था गरेको छ । सन २००७ को अन्तरिम संविधानले पनि त्यस्ता कार्य कानुनद्वारा दण्डनीय हुनेछ र पीडितलाई कानुनले व्यवस्था गरेबमोजिम क्षतिपूर्ति उपलब्ध गराइनेछ भन्ने व्यवस्था गरेको छ । सन् १९९६ को यातना क्षतिपूर्ति ऐनले पनि कानुनी उपचारको व्यवस्था गरेको छ भने हाल कानुन सुधारका लागि भइरहेको कार्यले पनि यातनाविरुद्धको कानुनी प्रावधानलाई अझ प्रभावकारी बनाउने लक्ष्य लिएको छ ।

६.६ निवेदिकाले आफ्नो तर्फबाट भतिजीलाई हस्ताक्षर गर्न पठाएको भन्ने उल्लेख गरेकी छिन् । वि.सं. २०२० को मुलुकी ऐनको प्रावधानले मञ्जुरी भए पनि कसैको हकमा अर्का व्यक्तिले हस्ताक्षर गर्ने कार्यलाई निषेधित गरेको छ र त्यस्ता कार्यलाई दण्डनीय बनाएको छ । बन्दीप्रत्यक्षीकरणको रिटमा पनि भतिजीले हस्ताक्षर गरेको भनी उल्लेख गरिएको छैन भने निवेदिकाले आफूमा विशेष समस्या भएकाले हस्ताक्षर गर्न नसकेको भनी उल्लेख पनि गरेकी छैनन् । मसी नभएको भन्ने जिकिर पनि गलत भएको राज्यपक्षले औंल्याएको छ ।

६.७ त्यसैले राज्यपक्षको दाबी छ कि यस मुद्दामा ग्राह्यता पुगेको छैन र निवेदिकाको दाबी खारेज गरिनुपर्छ ।

## समितिमा विवाद र सुनुवाइ

*ग्राह्यता उपर समितिको फैसला*

७.१ उजुरीमा लिइएको दाबीउपर छलफल गर्नुपूर्व मानव अधिकार समितिले यसको कार्यविधिको नियम ९३ अनुसार यो मुद्दा अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत ग्राह्य छ कि छैन भनी विचार गर्नुपर्छ ।

७.२ ऐच्छिक आलेखको धारा ५, अनुच्छेद २ (क) ले व्यवस्था गरेअनुसार समितिले निर्क्यौल गरेको छ कि यस मुद्दालाई अन्य अन्तर्राष्ट्रिय अनुसन्धान वा व्यवस्थापन अन्तर्गत हेरिएको छैन ।

७.३ राष्ट्रिय उपचार उपभोगको समाप्तिका सम्बन्धमा समितिले विचार गरेको छ कि निवेदिकाले डिसेम्बर २००४ र फेरि सेप्टेम्बर २००५ मा बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गरेकी थिइन् जसले गर्दा उनको उजुरीले गृह मन्त्रालय, रक्षा मन्त्रालय, छाउनी ब्यारेक, प्रहरी मुख्यालय, काठमाडौं जिल्ला प्रशासन कार्यालय, काठमाडौं जिल्ला प्रहरी कार्यालय र सैनिक मुख्यालयको ध्यानाकर्षण गराउन सफल भएको थियो तर उक्त घटनाबारे जिम्मेवार निकायको ध्यानाकर्षण गराएको ८ बर्षसम्म पनि उक्त उजुरीउपर अनुसन्धान भएन । दोस्रो बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गराएपछि निवेदिकाले प्राप्त गरेको प्रतिउत्तरमा सरकारले फेरि पनि मुकुन्द सेढाईंको बारेमा थाहा नभएको भन्दै अनुसन्धानका लागि चालिएको कदमको बारेमा कुनै जानकारी नदिई रिट निवेदन खारेज गर्न माग गरिएको बारे समितिले विचार गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगले जानकारी प्राप्त गर्न बारम्बार गरेको प्रयासका बावजुद राज्यपक्षले सहयोग

नगरेको बारे पनि समितिले विचार गरेको छ । यसका साथै राज्यपक्षले मुकुन्द सेढाईंका बारेमा अनुसन्धान वा जिम्मेवार निकायसमक्ष उनको बेपत्ताबारे उजुरी परेपछि आयोगको सिफारिस र सर्वोच्च अदालतको आदेशका बावजुद राज्यपक्षले जिम्मेवार व्यक्तिलाई न्यायिक कठघरामा ल्याउन कुनै ठोस कदम नचालेको पाइएको छ ।

७.४ राज्यपक्षले यस मुद्दामा फौजदारी प्रक्रियाका बारेमा कुनै ठोस जानकारी उपलब्ध नगराएको र निवेदिकाको परिवारले यस मुद्दामा अनुसन्धान भएको छ छैन भनी जानकारी हासिल गर्न चालेको विभिन्न कदमपछि यस मुद्दामा कुनै अनुसन्धान नभएको र कुनै उल्लेख्य प्रगति नभएको पत्ता लागेको बारे पनि समितिले विचार गरेको छ । यसलाई प्राप्त सूचनाका आधारमा समितिले यस मुद्दामा सक्षम प्रहरी वा अभियोजक निकायबाट फौजदारी अनुसन्धान भइरहेको भन्ने निष्कर्ष निकाल्न सक्दैन ।

७.५ मुकुन्द सेढाईंको मुद्दालाई २००७ को अन्तरिम संविधान र २००६ को बृहत् शान्ति सम्झौता अनुसार हाल बनिनसकेको संक्रमणकालीन न्यायिक संयन्त्रले सम्बोधन गर्नेछ भन्ने राज्यपक्षको तर्कलाई पनि समितिले विचार गरेको छ । सम्बन्धित विधेयकलाई कानुनका रूपमा पारित गरिनेछ भन्ने कुनै निश्चितता नभएको र त्यसले पीडितमा पार्ने प्रभावबारे स्पष्टता नभएको भन्ने निवेदिकाको जिकिरलाई पनि समितिले विचार गरेको छ ।[6] समितिले विचार गरेको छ कि वर्तमान परिप्रेक्ष्यमा निवेदिकाले सबै राष्ट्रिय उपचारहरूको उपभोग समाप्त गरिसकेको र ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) ले समितिलाई यस निवेदन उपर विचार गर्न रोकेको छैन ।

७.६ निवेदिकाको हस्ताक्षर विभिन्न दस्तावेजहरूमा फरकफरक भएको र यसले गर्दा उजुरीको वैधताउपर शंका उत्पन्न भएको भन्ने राज्यपक्षको तर्क सम्बन्धमा समितिले निवेदिकाको जिकिरलाई मध्यनजर गर्दै यस्ता हस्ताक्षरमा परेको फरकपनाले मात्र समितिलाई प्राप्त उजुरी वैध होइन भन्न पर्याप्त छैन ।

७.७ त्यसकारण समिति यो निष्कर्षमा पुग्दछ कि यो उजुरी ग्राह्य छ र निवेदिकाको उजुरीलाई अनुबन्धको धारा ६, परिच्छेद १, धारा ७, ९ र १० मा अलग्गै र धारा २ परिच्छेद ३ को सामञ्जस्यतामा र धारा २, परिच्छेद ३ लाई अलग्गै राखेर हेर्न चाहन्छ ।

## मुद्दाको विषयवस्तुउपर विचार

८.१ मानव अधिकार समितिले प्राप्त सबै जानकारीका आधारमा यो निवेदनउपर ऐच्छिक आलेखको धारा ५, परिच्छेद १ बमोजिम विचार गरेको छ ।

८.२ निवेदिकाका अनुसार उनको श्रीमान् मुकुन्द सेढाईंलाई १९ डिसेम्बर २००३ का दिन भीमसेनस्थान, काठमाडौं स्थित एउटा चियापसलबाट चार वा पाँच जनाको समूहमा सादा पोसाकमा केही हतियार सहित आएका व्यक्तिले पक्राउ गरेको भन्ने बारे समितिले विचार गरेको छ । सेढाईंले सो चियापसलमा धादिङ्गबाट काठमाडौं आई बसोबास

[6] See footnote 5.

गर्ने अन्य व्यक्तिहरूलाई समय समयमा भेटिराख्ने र उनीहरूले पनि सेढाईलाई चिन्ने भन्ने पनि विचार गरेको छ । समितिले राष्ट्रिय मानव अधिकार आयोगले २००५ मा अनुसन्धान गरी सेढाईंलाई पक्राउ गरिएको र लगत्तै छाउनी ब्यारेकमा थुनिएको निष्कर्ष निकालेको कुरा पछि देव बहादुर महर्जनको बयानले पनि पुष्टि गरेको भन्ने बारे पनि विचार गरेको छ । सेढाईंको परिवारले उनी हालसम्म पनि जीवितै छन् कि भन्ने आशा राखेका भएपनि समितिले निवेदिका र उनको परिवारको डर बुझ्छ तर लामो समयसम्म बेपत्ता पारिएको अवस्थाले गर्दा उनको मृत्यु भइसकेको पनि हुनसक्छ । त्यस सम्भावनालाई नकार्दै राज्यपक्षले कुनै पनि प्रमाण भने प्रस्तुत गरेको अवस्था छैन । समिति स्मरण गर्न चाहन्छ कि जबर्जस्ती बेपत्ता सम्बन्धी मुद्दामा स्वतन्त्रताको हननको अस्वीकार गर्दै स्वतन्त्रताको हनन गरिने वा बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे जानकारी लुकाउने गर्नाले उनीहरूलाई कानुनको संरक्षणवाट वञ्चित गरिन्छ र उसको जीवन गम्भीर र लगातार खतरामा पारिन्छ र यसका लागि राज्य जवाफदेही हुन्छ । यस मुद्दामा राज्यपक्षले आफ्नो दायित्व पूरा गर्न सेढाईंको जीवनरक्षाका लागि चालेको कदमबारे कुनै प्रमाण प्रस्तुत नगरेको बारे समितिले विचार गरेको छ । त्यसकारण समिति यो निष्कर्षमा पुगेको छ कि राज्यले सेढाईंको जीवन रक्षा गर्न असफल भएको छ जुन अनुबन्धको धारा ६, परिच्छेद १ को उल्लंघन हो ।[7]

८.३ बाहिरी संसारसँग सम्पर्कविहीन अवस्थामा अनिश्चितकालसम्म थुनामा राख्दा भोग्नुपरेको पीडाबारे समितिले मनन गरेको छ । यसले धारा ७ उपर गरेको सामान्य टिप्पणी नं. २० को स्मरण गर्न चाहन्छ जसले नजरबन्दलाई राज्यपक्षले निषेधित गर्ने प्रावधान राख्नुपर्ने सुझाव दिएको छ ।[8] सेढाईंलाई १९ डिसेम्बर २००३ मा पक्राउ गरिएको र १६ जनवरी २००४ मा एकजना सैनिकमार्फत सैनिक हिरासतबाट उनको अन्तिम पत्र उनकी श्रीमतीलाई हस्तान्तरण गरेको दिनदेखि उनी कहाँ छन् भन्ने बारे थाहा नभएको पनि समितिले विचार गरेको छ । साक्षीको बयानले छाउनी सैनिक ब्यारेकमा सेढाईंलाई गम्भीर तरिकाले कुटपिट र यातना दिइएको औंल्याएको बारे समितिले विचार गरेको छ भने थुनास्थलको अवस्था अमानवीय भएको र त्यहाँ यातना तथा कुटपिट सामान्य जस्तै भएको प्रति पनि जोड दिन चाहन्छ (माथिको परिच्छेद २.५ र २.६ हेर्नुहोस्) । ऐच्छिक आलेखको धारा ४, परिच्छेद २ ले व्यवस्था गरेअनुसार राज्यपक्ष वा यसका प्रतिनिधिउपर अनुबन्धको उल्लंघन भएको आरोप लागेमा त्यसको असल नियतले अनुसन्धान गरी प्राप्त जानकारी समितिलाई उपलब्ध गराउनुपर्छ भन्ने प्रावधानको समिति स्मरण गर्न चाहन्छ । राज्यपक्षबाट चित्तबुझ्दो जवाफ प्राप्त नभएको अवस्थामा निवेदिकाको उजुरीलाई बढी प्राथमिकता दिनुपर्ने हुन्छ ।[9] समितिलाई

[7] See, inter alia, communication No. 1913/2009*, Abushaala v. Libya,* Views adopted on 18 March 2013, para. 6.2; communication No. 1753/2008, *Guezout and Rakik v. Algeria,* Views adopted on 19 July 2012, para. 8.4; communication No. 1779/2008, *Mezine v. Algeria*, Views adopted on 25 October 2012, para. 8.4; communication No. 1905/2009, *Ouaghlissi v. Algeria*, Views adopted on 26 March 2012, para. 7.4; and communication No. 1781/2008, *Djebrouni v. Algeria*, Views adopted on 31 October 2011, para. 8.4.

[8] See the Committee's general comment No. 20 (1992) on article 7, para. 11.

[9] See communication No. 1295/2004, *El Alwani v. Libyan Arab Jamahiriya*, Views adopted on 11 July 2007*,* para. 6.5; communication No. 1422/2005, *El Hassy v. Libyan Arab Jamahiriya*, Views adopted on 24 October 2007, para. 6.2; and communication No. 458/1991, *Mukong v. Cameroon*, Views adopted on 21 July 1994, para. 5.1.

प्राप्त सूचनाका आधारमा र सार्वजनिक संकटकालको अवस्थामा[10] पनि धारा ७ ले हदम्यादको व्यवस्था नगरेको स्मरण गर्दै समितिलाई लागेको छ कि सेढाईंलाई दिइएको यातना, नजरबन्द र जबर्जस्ती बेपत्ताका साथै उनलाई राखिएको थुनास्थलको अवस्थाजस्ता कुराले सेढाईंको सम्बन्धमा अनुबन्धको धारा ७ को एकल र बहुल रूपमा उल्लंघन भएको छ ।[11]

८.४ समितिले मुकन्द सेढाईंको बेपत्ताले निवेदिका र उनीहरूको छोराछोरी अनिल र अनिता सेढाईंमा पर्न गएको चिन्ता र पीडाबारे विचार गरेको छ । परिवारले उनको थुनाबारे सरकारी तवरबाट पुष्ट्याइँ कहिले पनि पाएन । त्यसकारण समितिले ठहर गरेको छ कि यसलाई प्राप्त तथ्यहरूको आधारमा अनुबन्धको धारा ७ को अलग र निवेदिका र उनीहरूको दुईजना बच्चाहरूको सम्बन्धमा धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा उल्लंघन भएको छ ।[12]

८.५ धारा ९ को उल्लंघन भएको भनिएको सम्बन्धमा निवेदिकाको बयान (माथि परिच्छेद २.१ र २.३ हेर्नुहोस्), अनुसार सेढाईंलाई १९ डिसेम्बर २००३ मा चार वा पाँच जना सादा पोसाकमा रहेका व्यक्तिहरूले पक्राउपुर्जी र पक्राउ पर्नुको कारणबारे जानकारी नदिएर पक्राउ गरिएको, उनीउपर लागेको फौजदारी अभियोगबारे जानकारी नदिएको, कानुनले निर्दिष्ट गरेको समयावधिभित्र मुद्दा हेर्ने न्यायाधीश वा अन्य न्यायिक निकायसमक्ष उपस्थित नगराएको, गराएको भए उनले थुनाको वैधता बारे कानुनी रूपमा चुनौती दिनसक्थे र निवेदिका र उनको परिवारलाई सेढाईं कहाँ छन् वा उनको अवस्था कस्तो छ भन्नेबारे कुनै औपचारिक जानकारी नदिएको बारे समितिले विचार गरेको छ । राज्यपक्षबाट चित्तबुझ्दो जवाफ प्राप्त नभएकोले मुकुन्द सेढाईंको सम्बन्धमा अनुबन्धको धारा ९ को उल्लंघन भएको ठहर समितिले गरेको छ ।[13]

८.६ धारा १० परिच्छेद १ को उल्लंघनको सम्बन्धमा समिति दोहोऱ्याउन चाहन्छ कि स्वतन्त्रता हनन भएका व्यक्तिहरूउपर सो कारणबाट हुने कष्टबाहेक अन्य कष्ट वा पीडा हुनुहुन्न र उनीहरूसँग मानवीय व्यवहार गरिनुपर्छ र उनीहरूको आत्मसम्मानको रक्षा गरिनुपर्छ । सेढाईंको नजरबन्द, साक्षीले उपलब्ध गराएको छाउनी ब्यारेकको थुनास्थलको अवस्था र यस सम्बन्धमा राज्यपक्षका तर्फबाट सूचना प्राप्त नभएबाट समितिले धारा १०, परिच्छेद १ अन्तर्गतको उनको अधिकार हनन भएको ठहर गर्दछ ।[14]

८.७ निवेदिकाले अनुबन्धको धारा २, परिच्छेद ३ को जिकिर गरेकी छिन् जसअनुसार पक्षराष्ट्रले अनुबन्धले प्रदान गरेको उपचार सबैलाई प्राप्य, प्रभावकारी र लागू गर्न सकिने बनाउने प्रत्याभूत गर्नुपर्छ । राज्यपक्षले अधिकार हननको

[10] See article 4 of the Covenant.
[11] See communication No. 1761/2008, *Giri v. Nepal*, Views adopted on 24 March 2011, para. 7.4; *Ouaghlissi v. Algeria* (note 7 above), para. 7.5; *Djebrouni v. Algeria* (note 7 above), para. 8.5; *El Alwani v. Libyan Arab Jamahiriya* (note 9 above), para. 6.5.
[12] See *Abushaala v. Libya* (note 7 above), para. 6.4; *Mezine v. Algeria* (note 7 above), para. 8.6; communication No. 1640/2007, *El Abani v. Libyan Arab Jamahiriya*, Views adopted on 26 July 2010, para. 7.5.
[13] See *Mezine v. Algeria* (note 7 above), para. 8.7; *Ouaghlissi v. Algeria* (note 7 above), para. 7.7; and *Djebrouni v. Algeria* (note 7 above), para. 8.7.
[14] See the Committee's general comment No. 21 (1992) on article 10, para. 3; *Mezine v. Algeria* (note 7 above), para. 8.8; communication No. 1780/2008, *Zarzi v. Algeria*, Views adopted on 22 March 2011, para. 7.8; and communication No. 1134/2002, *Gorji-Dinka v. Cameroon*, Views adopted on 17 March 2005, para. 5.2.

दाबीलाई सम्बोधन गर्न उचित न्यायिक तथा प्रशासनिक संयन्त्रहरूको स्थापना गर्नुपर्ने महत्वमा जोड दिन चाहन्छ । समिति आफ्नो सामान्य टिप्पणी नं. ३१ (२००४) को स्मरण गर्न चाहन्छ जसले पक्षराष्ट्रले हिंसाको आरोपको छानबिन गर्न असफल हुनुले अनुबन्धको अलग उल्लंघन गरेको ठहर्नसक्छ (परिच्छेद १५) । यस मुद्दामा सेढाईंको परिवारले न्यायिक निकायका साथै प्रहरी मुख्यालय, जिल्ला प्रहरी कार्यालय, सर्वोच्च अदालतलगायत निकायसमक्ष सेढाईंको बेपत्तासम्बन्धी जानकारी प्राप्त गर्न लगातार सम्पर्क गरेको भएपनि उनीहरूका कोसिस सफल हुन नसकेको र राज्यपक्षले सेढाईंको बेपत्तासम्बन्धी पूर्ण तथा प्रभावकारी अनुसन्धान गर्न असफल भएको देखिन्छ । राज्यपक्षले हालसम्म पनि स्थापित गर्न नसकेको (अन्तरिम संविधान २००७ र २००६ को बृहत् शान्ति सम्झौता अनुसार बन्ने भनिएको सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी आयोग) संयन्त्रको जिकिर गर्दैमा निवेदिकाले प्रभावकारी उपचार पाएको भन्न मिल्दैन । साथै राज्यपक्षले दाबी गरेको सेढाईंको परिवारलाई अन्तरिम राहतस्वरूप रु १००,०००/- उपलब्ध गराइसकिएको र सोही हालसम्म पनि बन्न नसकेको संक्रमणकालीन न्यायिक संयन्त्रको सिफारिसबमोजिम सेढाईंको परिवारलाई थप राहत प्याकेज उपलब्ध गराइने भन्ने आश्वासनले निवेदिकालाई प्रभावकारी उपचार प्रदान गर्ने ग्यारेन्टी गर्दैन । त्यसकारण समिति यो निष्कर्षमा पुगेको छ कि मुकन्द सेढाईंको सम्बन्धमा धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ६, परिच्छेद १, धारा ७, ९ र १०, परिच्छेद १ को उल्लंघन भएको र निवेदिका र उनीहरूको दुईजना बच्चाहरू अनिल र अनिता सेढाईंको सम्बन्धमा धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा अनुबन्धको धारा ७ को उल्लंघन भएको ठहर गर्दछ ।

९. मानवअधिकार समितिले यसलाई प्राप्त सूचनाका आधारमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ को परिप्रेक्ष्यमा विचार गर्दा राज्यपक्षले धारा ६, परिच्छेद १, धारा ७, धारा ९, धारा १०, परिच्छेद १ को उल्लंघन भएकोमा मुकुन्द सेढाईंको सम्बन्धमा अनुबन्धको धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ६, परिच्छेद १, धारा ७, धारा ९, धारा १०, परिच्छेद १ को उल्लंघन भएको र निवेदिका र उनीहरूको दुईजना बच्चाको सम्बन्धमा धारा ७ को अलग र सामञ्जस्यतामा धारा २, परिच्छेद ३ को उल्लंघन भएको ठहर गर्दछ ।

१०. अनुबन्धको धारा २, परिच्छेद ३ (क) का अनुसार निवेदिका र उनको परिवारलाई (क) सेढाईंको बेपत्ता सम्बन्धी पूर्ण र प्रभावकारी अनुसन्धान गरेर, (ख) निवेदिका तथा उनको परिवारलाई अनुसन्धानको परिणामबारे पूर्ण सूचना उपलब्ध गराएर, (ग) सेढाईंलाई हालसम्म पनि नजरबन्दमा राखिएको भए तुरुन्त मुक्त गरेर, (घ) सेढाईंको मृत्यु भइसकेको भए उनको पार्थिव शरीर परिवारलाई हस्तान्तरण गरेर, ङ) उल्लंघनमा संलग्न जिम्मेवार अधिकारीहरूउपर अभियोजन, अनुसन्धान र सजाय गरेर, च) निवेदिका तथा उनीहरूको बच्चाका साथै जीवितै भएको भए मुकुन्द सेढाईंलाई यस उल्लंघनबाट सहनुपरेको पीडाका लागि उचित क्षतिपूर्ति उपलब्ध गराएर प्रभावकारी उपचार उपलब्ध गराउनु राज्यपक्षको दायित्व हो । भविष्यमा त्यस्तै प्रकृतिका हिंसा दोहोरिन नदिने दायित्व पनि पक्षराष्ट्रको हो ।

११. ऐच्छिक आलेखको पक्षराष्ट्र बनेपछि राज्यपक्षले महासन्धिको उल्लंघन भएको छ छैन भनी ठहर गर्ने समितिको अधिकारलाई स्वीकार गरेको र आफ्नो क्षेत्र तथा क्षेत्राधिकारभित्र सबै व्यक्तिको महासन्धिको धारा २ अन्तर्गतको अधिकार सुनिश्चित गर्ने र उल्लंघन भएको प्रमाणित भएमा प्रभावकारी तथा प्राप्य उपचार प्रदान गर्ने दायित्वलाई ध्यानमा राख्दै राज्यपक्षले १८० दिनभित्र समितिको दृष्टिकोणलाई कार्यान्वयन गर्न अपनाइएका उपायहरूका बारेमा जानकारी दिनेछ भन्ने चाहना राखेको छ । समितिका धारणालाई प्रकाशन गर्न र आधिकारिक भाषामा अनुवाद गरी त्यसको व्यापक वितरण गर्न समेत राज्यपक्षलाई अनुरोध गरिएको छ ।

(अंग्रजी भाषामा लेखिएको दस्तावेज मूल दस्तावेज भई अंग्रेजी, फ्रेन्च र स्पेनिस भाषामा स्वीकार गरिएको र साथै साधारणसभामा समितिको वार्षिक प्रतिवेदन पेश गर्दा अरबिक, चाइनिज र रसियन भाषामा पनि प्रस्तुत गरिनेछ ।)

**परिशिष्ट**

**समितिका सदस्यहरू श्री फाबियन साल्भावली र श्री भिक्टोर रोड्रिग रेस्सिकाको व्यक्तिगत धारणा**

१. निवेदन नं. १८६५⁄२००९ का सम्बन्धमा समितिले गरेको ठहरले मुकुन्द सेढाईंको सम्बन्धमा अनुबन्धको धारा ६, परिच्छेद १, धारा ७, ९ र १०, परिच्छेद १ को सामञ्जस्यतामा धारा ६, परिच्छेद १ र धारा २, परिच्छेद ३ र निवेदिका र उनको बच्चाहरूको सम्बन्धमा धारा ७ को अलग र सामन्जस्यतामा धारा २, परिच्छेद ३ को उल्लंघनका लागि राज्यपक्षलाई अन्तर्राष्ट्रिय दायित्व स्थापित गरेकोमा हामी सहमत छौं ।

२. तर पनि समितिले जबर्जस्ती बेपत्ता सम्बन्धमा आफ्नो स्थापित विधिशास्त्रभन्दा पर गएर अनुबन्धको धारा १६ को उल्लंघन भएको ठहर नगरेकोमा हामी गहिरो खेद प्रकट गर्दछौं ।

३. यस मुद्दामा निवेदिकाले अनुबन्धको धारा १६ को उलंघनको दाबी नगरेकीले समितिले *iura novit curia* जस्तो न्यायिक सिद्धान्त लागू गर्न असमर्थ रहेको र मानवअधिकारको रक्षा गर्ने अन्तर्राष्ट्रिय अङ्गले आफ्नो क्षमतालाई औचित्यहीन तरिकाले सीमित गर्नुपरेको छ ।

४. समितिलाई उपलब्ध गराइएको कागजजातमा पीडितको जबर्जस्ती बेपत्तालाई स्थापित गरिएको छ, समितिले ***किमोउचे विरुद्ध अल्जेरिया***[15] को मुद्दामा आफ्नो दृष्टिकोण ग्रहण गरेपछि व्यक्ति बेपत्ता पार्ने कार्य भनेको व्यक्तिलाई कानुनी रूपमा व्यक्तिको रुपमा पहिचान नदिइनु हो भन्ने स्पष्ट दृष्टिकोण बनाइसकेको छ । यस सम्बन्धमा समितिले औंल्याएको छ कि “समितिले यसको स्थापित विधिशास्त्रलाई दाहोऱ्याउन चाहन्छ कि कुनै व्यक्तिलाई लामो समयसम्म जानाजान कानुनी संरक्षणबाट वञ्चित गरिनु भनेका सो व्यक्तिलाई कानुनसमक्ष व्यक्तिको रूपमा मान्यता नदिइनु हो र पीडितलाई अन्तिमपटक राज्यको नियन्त्रणमा रहेको देखिएको र उनी तथा उनको आफन्तले न्यायिक उपचारका साथै सम्भावित प्रभावकारी उपचार प्राप्त गर्ने कोसिस गरेको देखिँदा नियोजित तरिकाले अधिकार हनन भएको देखिन्छ ।“[16]

५. त्यसैगरी यो बुझ्न गाह्रो छ कि किन समितिले समान प्रकृतिका स्थापित तथ्यहरूमा पनि पक्षहरूले प्रस्तुत गर्ने न्यायिक तर्कहरूको आधारमा फरकफरक निर्णयहरू गर्छ । यस्ता कार्य सम्पादनका लागि समितिले आफ्ना समक्ष उठाइएका बिषयहरूमा सो मुद्दा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले भन्दा पनि नागरिक कानुनले हेर्ने जसरी हेर्ने गरेको पाइन्छ । समितिका अधिकांश सदस्यहरूले *iura not curia* को सिद्धान्त लागू गर्न नचाहनुले यसभन्दा अगाडि स्थापित तथ्यहरूको सम्बन्धमा अस्वाभाविक परिणाम दिने गर्छ ।

[15] See communication No. 1328/2004, *Kimouche v. Algeria*, Views adopted on 10 July 2007, para. 7.9.
[16] See communication No. 1781/2008, *Berzig v. Algeria*, Views adopted on 31 October 2011, para. 8.9.

६. यो पनि विचार गरिनुपर्छ कि यस्ता व्यवहार गलत सोचाइमा आाधारित हुने मात्र होइन नमिल्दो तरिकाले प्रयोग गरिएको पनि हुन्छ : मानवअधिकार समितिले आफ्नो दृष्टिकोणमा स्पष्ट रूपमा व्यक्त नगरेपनि कतिपय अवस्थामा आफ्नै तजबिजमा *iura not curia* को सिद्धान्त लागू गर्ने गरेको छ । हालैका वर्षहरूमा प्रमाणका आधारमा कानुनी बहस र पक्षहरूले दाबी लिएको विशेष धाराहरूभन्दा बाहिर गएर समितिले अनुबन्धको प्रावधानहरूलाई उचित प्रयोग गरेको धेरै यस्ता उदाहरणहरू छन् ।[17]

७. समितिले अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धमा व्यवस्था भएको अधिकारको सम्मान र प्रत्याभूत गर्ने पक्षराष्ट्रको दायित्वको र ऐच्छिक आलेख अन्तर्गतको व्यक्तिगत सञ्चार प्रक्रियाको अनुगमन गर्ने कार्यादेश पूरा गर्ने उद्देश्यले उजुरीहरूको लेखाजोखा गर्न, कानूनको उचित प्रयोग गर्न, सबैभन्दा उत्तम र युक्तिसङ्गत अन्तर्राष्ट्रिय तरिका अपनाउन, यसको कार्यक्षमतामा अंकुश नलगाउन, सान्दर्भिक भएको ठाउँमा *iura not curia* सिद्धान्त लागू गर्न र यसको विधिशास्त्रमा भएको असङ्गति हटाउन स्पष्ट मार्गनिर्देशन निर्माण गर्नु आवश्यक छ ।

(अंग्रजी भाषामा लेखिएको दस्तावेज मूल दस्तावेज भई अंग्रेजी, फ्रेन्च र स्पेनिस भाषामा स्वीकार गरिएको र साथै साधारणसभामा समितिको वार्षिक प्रतिवेदन पेश गर्दा अरबिक, चाइनिज र रसियन भाषामा पनि प्रस्तुत गरिनेछ ।)

[17] See communication No. 1390/2005, *Koreba v. Belarus*, Views adopted on 25 October 2010; communication No. 1225/2003, *Eshonov v. Uzbekistan*, Views adopted on 22 July 2010, para. 8.3; communication No. 1206/2003, *R.M. and S.I. v. Uzbekistan*, Views adopted on 10 March 2010, paras. 6.3 and 9.2, with a finding of no violation; communication No. 1520/2006, *Mwamba v. Zambia*,